# गौशाला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौशाला, महोत्तरी

## सेनिटरी प्याड (Sanitary Pad) खरिद सम्बन्धी शिलबन्दी दरभाउ आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०८/१४)

गौशाला नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मको छात्राहरूलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक तपसिलमा उल्लेखित परिमाणको सेनिटरी प्याड सिलबन्दी दरभाउको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त कार्यका लागी ईजाजत प्राप्त उद्योग, फर्म, कम्पनी तथा सप्लायर्सहरूबाट निम्न शर्तहरूको परिधि भित्र रही सिलबन्दी दरभाउ पेश गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरू:

१. प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर. दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संग्लग्न राखी लिखित निवेदन साथ रू. १०००/- अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) दस्तुर तिरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फारम सूचना प्रकाशित मितिले १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी गरी पेश गरी सक्नु पर्नेछ यसरी रितपूर्वक प्राप्त हुन आएको शिलबन्दी दरभाउहरू सोहि दिनको २:०० बजे तथा सो दिन बिदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन सोहि समयमा दरभाउ पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र फारम खोल्न कुनै बाधा पर्ने छैन।

३. दरभाउ पत्रदाता शिलबन्दी दरभाउ साथ गौशाला नगरपालिकाको नाममा संचालित नेपाल बैंक लिमिटेड, गौशाला शाखामा रहेको हि. नं. ०९४०३००००३०००००००१ मा तपसिलमा उल्लेख भए बमोजिमको जमानत रकम जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गको बाणिज्य वा वितिय संस्थाबाट यस कार्यालयको पक्षमा जारी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ (पचहतर) दिन म्याद भएको बैंक बिडबोन्ड संलग्न गर्नु पर्नेछ।

४. दरभाउ पत्रदाताले दररेट भर्दा अंक र अक्षर दुवैमा स्पष्ट रूपमा भर्नु पर्नेछ अंक र अक्षरमा उल्लेख गरेको दररेटमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

५. बोलपत्र दर्ता गर्दा सेनिटरीफ प्याड (वितरण तथा व्यस्थापन) कार्यविधी, २०७६ को अनुसूची १ मा उल्लेखित स्पेशिफिकेसन अनुसार सेनिटरी प्याडको नमुना (sample) अनिवार्य पेश गर्नुपर्ने छ।

६. आपूर्ति गरिने सेनिटरी प्याडको प्रयोग गर्न सकिने अवधी दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ।

७. बिस्तृत जानकारी कार्यालयको फोन नं. ०४४-५५६१३९ र वेवसाइट www.gaushalamun.gov.np मा समेत उपलब्ध हुनेछ।

८. दरभाउ सम्बन्धी अन्य शर्तहरू दरभाउ पत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ। यस सूचनामा उल्लेख नभएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

| क्र. सं. | बोलपत्र नं. | विवरण | लागत अनुमान रकम(VAT समेत) रू. | आवश्यक जमानत रकम रू. |
|---|---|---|---|---|
| १. | 01/GAU/GOODS/2077/078 | सेनिटरी प्याड (८ पिसको प्याकेट) खरिद | रू. १९,५०,०००/- | ४८,७५०/- |

-प्रमुख प्रशासकीय अधिकृत